नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ३८२

मितिः२०८२/०२/१६

नेपाल संवत् ११४५

विषयः- कोषको सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धन सम्बन्धमा ।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

निक्षेप तथा कर्जा सुरक्षण कोषको च.नं. १६८, मिति २०८२/०२/०५ को कोषको सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२।१।६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष, टंगाल, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

टंगाल, काठमाडौं

ऋण र धन, दुबैको सुरक्षण


पत्र संख्या: ०८१/८२ च.नं.....१६८.

मिति: २०८२/०२/०५

सं.म.-नं.
८६६
२१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा,
सिंहदरवार, काठमाडौं।

विषय: समन्वय गरिदिने बारे।

निक्षेप तथा कर्जा सुरक्षण कोषले कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ (४) बमोजिम रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण योजना, २०८१ र प्रादेशिक साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१ लागू गरेको छ। उक्त योजनाहरुमा संघीय इकाईहरुको सुरक्षण योगदान रकमको आधारमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित इकाईको अधिकार क्षेत्रभित्र योजना बमोजिम प्रवाहित कर्जाको सुरक्षण गर्नसक्ने व्यवस्था गरेको छ। यसप्रकारको सुरक्षणबाट विपन्न वर्गका आम सर्वसाधारणमा बैंकको कर्जामा पहुँच बढनुको साथै सरकारको स्वरोजगार वृद्धि गर्ने एवं उद्यमशीलता विकास गर्ने लक्ष्यमा टेवा पुग्नेछ। नियमावलीको नियम ३५ (६) मा कोषले सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धनका लागि प्रदेश सरकारको सम्बन्धित निकाय तथा स्थानीय तहसँग आवश्यक सम्झौता गर्नसक्ने व्यवस्था रहेको छ। प्रस्तुत सन्दर्भमा उल्लिखित योजनाहरुको विस्तार र प्रवर्द्धनका लागि प्रदेश सरकार र स्थानीय तहहरुमा जानकारी प्रदान गर्नमा आवश्यक समन्वय र सहजिकरण गरिदिनुहुन अनुरोध गर्दछु।

रमेश घिमिरे

प्रमुख कार्यकारी अधिकृत